# कनकाई नगरपालिका
## नगरकार्यपालिकाको कार्यलय

जामुनबारी, झापा फोन नं.०२३-४०११५५
१. नं. प्रदेश, नेपाल

पत्र सं :-२०७६।७७
चलानी नं : - 69

मिति : २०७६।०४।१३

श्री वडा कार्यालय सबै
कनकाई नगरपालिका ।

**विषय : सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण अध्यावधिक गर्ने सम्बन्धमा ।**

प्रस्तुत सम्बन्धमा नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग सिंहदरबार काठमाण्डौंको च.नं. ०५ मिति २०७६।०४।०५ को पत्रानुसार यस कनकाई नगरपालिकामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण अध्यावधिक गर्नुपर्ने भएकोले यस कनकाई नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण तपशिल बमोजिक अध्यावधिक गरि २०७६।०४।१९ गते सम्म यस नगरपालिकाको सुचना प्रविधि शाखामा सो को रेकर्ड अनिवार्य रुपमा उपलब्ध गराईदिन अनुरोध गरिन्छ । विवरण अध्यावधिक नभएमा आगामी आ.व. मा सामाजिक सुरक्षा रकम निकासा नहुने समेत जानकारी गराईन्छ।

खड्गदेव चुडाल
प्रमुख प्रशासकीय अधिकृत

तपशिल

अध्यावधिक गर्नुपर्ने विवरण

१) लाभग्राहीको नाम
२) लाभग्राहीको जन्म मिति
३) लाभग्राहीको बाबुको नाम
४) लाभग्राहीको आमाको नाम
५) लाभग्राहीको पति/पत्नीको नाम
६) लाभग्राहीको ना.प्र.नं.
७) ना.प्र.नं जारी मिति जारी जिल्ला
८) दलित बालबालिकाको जन्म दर्ता नं.
९) बिधवा महिलाको हकमा पतिको मृत्यु दर्ता नं.
१०) अपाङ्गको हकमा अपाङ्ग परिचय पत्र नं. र हकवालाको नाम
११) लाभग्राहीको ठेगाना

नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**
सिंहदरबार, काठमाडौं

फो.नं. ०१-४२५७७८३
फ्याक्स : ०१-४२५८२४०

पत्र संख्याः २०७६।०७७
चलानी नम्वरः ०५

मिति :- २०७६/०४/०५

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

**श्री कनकाई नगरपालिका,**
**कार्यपालिकाको कार्यालय**
**झापा ।**

विषय :- VERSP–MIS मा लाभग्राहीहरुको विवरण अध्यावधिक गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपाल सरकारबाट सञ्चालन हुँदै आएको जेष्ठ नागरिक दीर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत यस विभागबाट सञ्चालन भइरहेको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण VERSP–MIS प्रणालीमा देहाय बमोजिमका विवरणहरु अपूर्ण रहेको, दोहोरो परेको र नविकरण नगरेको देखिएकोले यही २०७६ साल श्रावण २० गते भित्रमा त्यस स्थानीयतहबाट अपूर्ण रहेका विवरणहरुलाई पूर्ण गर्ने, संम्भावित दोहोरो परेको विवरणहरुलाई लगतकट्टा गर्ने, नविकरण नगरेकोलाई नविकरण गरी पूर्ण तथ्यांङ्क शुद्धिकरण अध्यवधिक गर्नु गराउनु हुन अनुरोध छ। फरक परेको लाभग्राहीहरुको विवरणहरु विभागको **website https://donidcr.gov.np** बाट प्राप्त गरी पूर्ण अध्यावधिक गरी सो को जानकारी अनिवार्य यस विभागमा पठाउनु हुन आदेशानुसार अनुरोध छ। MIS विवरण पूर्ण भएमा मात्र वास्तविक रकम निकाशा हुने भएकोले विवरण अध्यावधिक गर्ने कार्यमा यहाँको सहयोग र सद्भावको अपेक्षा गरिएको छ।

२०७६।४।०५

**(जनक राज भट्ट)**
**निर्देशक**

| अङ्ग्रेजी नाम छूट | बाबुको नाम छूट | आमाको नाम छुट | संरक्षक को नाम छुट | बाबु र आमाको नाम छुट | नागरिकता नं. छुट | नागरिकता जारी जिल्ला छुट | नागरिकता जारी मिति छुट | बालबलिका को जन्म दर्ता नं. छुट | विधवाको पतिको मृत्यु दर्ता नं. छुट | अपाङ्गता परिचयपत्र नं. छुट | त्रुटि रहित संख्या | संम्भावित दोहोरो संख्या | नविकरण छुट संख्या | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | २०७५/७६ | २०७६/७७ |
| ० | १६४० | १८७५ | १३७ | १६३० | २३ | १६६ | २४५४ | ११३ | १४१९ | १०७ | ११२२ | १० | १०१ | १ |